जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १२५ • २०८१ फागुन १३ गते मंगलवार • 25 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

## मधेशका किसानहरुलाई सरकारी अनुदानले कृषि कर्मप्रति उत्साहित

जलेश्वरटुडे समाचारदाता
धनुषा, १२ फागुन

मधेशका किसानहरुलाई सरकारी अनुदानले कृषि कर्मप्रति उत्साहित वनाएको छ। नेपालका मुख्य आर्थिक करिडोरहरुलाई लक्षित गरि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले विश्व बैंकको आर्थिक सहयोगमा संचालन गरेको आयोजना मधेश प्रदेशका किसानहरुका लागि व्यावसायिक कृषिमा प्रोत्साहन गर्ने माध्यम वनेको हो।



पर्सामा ५ वटा, बारामा ११ वटा, रौतहटमा ४६ वटा, सर्लाहीमा १४ वटा, महोत्तरीमा २४ वटा, धनुषामा २२ वटा, सिरहामा ३२ वटा र सप्तरीमा २५ वटा समूह तथा संस्थाहरु अनुदान कार्यक्रममा छनोट भएको आर्थिक करिडोरको कार्यालय बर्दिवासले जनाएको छ। १७९ वटा समुहमा ५ हजार भन्दा बढी किसानहरु सहभागी छन्। आर्थिक करिडोर अन्तर्गत हुलाकी र पुर्व-पश्चिम राजमार्गले छोएका ८ वटा जिल्लामा ८४ वटा पालिकाहरुमा बर्दिवास अन्तर्गतको कार्यालयले आयोजना संचालन गरिरहेको छ। सन २०२१ देखि आयोजना संचालन भएतापनी विविध कारणहरुले कार्यान्वयनमा ढिला भएको वताउदै बर्दिवास कार्यालयका प्रमुख सुरेन्द्र यादवले उधमशिलता विकासमा परिणामहरु देखिन सुरु भईसकेको वताए। साना उत्पादक र कृषि मूल्य शृंखलामा आवद्व भएका कर्ताहरुविचको वजार सम्बन्धको प्रर्वद्वन तथा उधमशिलता विकासको लागि सहयोगी वातावरण निर्माण मार्फत ग्रामिण उधम विकास गर्ने आयोजनाको मुख्य उदेश्यअनुसार अगाडी वढदा अपेक्षित परिणामहरु देखिन सुरु भएको बर्दिवास कार्यालयले जनाएको छ। कार्यालयले किसानहरुलाई प्रदान गर्ने अनुदानलाई स्टार्ट-अप अनुदानको रुपमा व्याख्या गरेको छ। जसमा नवीनतम प्रविधियुक्त, बृद्वी उन्मुख र बजारको मागअनुरुपको उत्पादन गर्ने लक्ष्य लिई उत्पादनमुलक साझेदारीको मर्मअनुरुप संचालन हुन् सक्ने व्यवसायलाई जनाउने र त्यसलाई प्रर्वद्वन गर्न उपलब्ध गराईने सहजीकरणलाई स्टार्ट-अप अनुदान भनिएको छ।

यही चरित्रमा आधारित भएर किसानहरुसँग संयोजन भईरहेको कार्यालयका सुचना अधिकारी सन्तोष प्रकाशले वताए। आयोजनाले व्यक्ति, व्यक्तिगत फर्म वा कम्पनीलाई भन्दा समूह, सहकारी र बस्तुगत उत्पादक संस्थालाई प्राथमिकता राखेको हुनाले पनि यो कार्यक्रम प्रभावकारी वनेको लाभग्राहीहरुले वताएका छन्। छनोट भएका लाभाग्राहीहरुले प्रगति प्रतिवेदन पेश गरेपछि मात्र भुक्तानी प्राप्त हुने भएकाले कामको परिणाम शतप्रातिशत निस्कन सक्ने अनुमान गरिएको छ। किस्ता भुक्तानी प्रक्रिया चार पटक निर्धारण गरिएको छ। जसले लाभाग्राहीहरुलाई काम गर्न प्रोत्साहन मिल्ने कार्यालय प्रमुख सुरेन्द्र यादवले वताए।

८४ वटा पालिकहरुमा आयोजनाले झन्डै २ अर्व भन्दा बढी लगानी गर्ने लक्ष्य लिएको छ। बारामा १४ करोड, धनुषामा २३ करोड, महोत्तरीमा २६ करोड, पर्सामा ७ करोड, रौतहटमा ५५ करोड, सप्तरीमा ३१ करोड, सर्लाहीमा १६ करोड र सिरहामा ४० करोड लगानी गर्ने योजना छ। तर आयोजनाको तर्फवाट ४५ प्रतिशत र किसानहरुको तर्फवाट ५५ प्रतिशत लगानी गर्नुपर्ने प्रावधान रहेको छ। छनोट भएका किसानहरुले दुध डेरी, भैसीपालन , विउ, बाखापालन, माछापालन, बंगुरपालन र पंक्षीपालन गर्ने प्रस्तावना पेश गरेका छन्। जसमध्ये सहकारी तथा वस्तुगत संस्थाहरुले पारम्भिक भुक्तानी लिएर काम सुरु गरिसकेको कार्यालयले जनाएको छ। आयोजनाको तर्फवाट हुने सुरुवाती अनुदान सहयोगको अधिकतम सिमा उत्पादक संस्थाका प्रति सहभागी २ लाख मात्र निर्धारण गरिएको छ। जसमा प्रति समुह न्युनतम १५ जनाको संख्या हुनुपर्ने प्रावधान छ। १५ जना भन्दा बढी भएको समूहलाई मात्र अनुदानको मापदण्डमा सहभागी हुन् सक्ने ग्रामिण उधम तथा आर्थिक विकास आयोजना बर्दिवासको कार्यालयले जानकारी दिएको छ। 'धैरै समुह उत्पादनमा समेत लागिसकेका छन् जसले जीवनस्तरमा केही परिवर्तन ल्याएको महसुस गर्न सकिन्छ। कसैको गोठमा भैसी छन्, कसैको बाखा, तरकारी जस्ता उत्पादनले वातावरण नै उल्लासमय वनाएको छ।' कार्यालय प्रमुख यादवले भने। 'वास्तवमा नै किसानहरु उत्साहित देखिएका छन् किन भने बजारको सुनिश्यता समेत यही आयोजनाले गरेको छ।'

प्रत्येक पालिकाहरुमा भव्य पशु तथा कृषि सेवा केन्द्रको भवन बन्दैः यस आर्थिक करिडोर कार्यालय मातहतका पालिकाहरु मध्ये ३५ वटा पालिकामा भव्य पशु स्वास्थ्य तथा कृषि सेवा केन्द्र भवन बन्दै छ। जसले किसानहरुलाई माटो परिक्षण देखि पशुपालनमा समेत महत्वपूर्ण कोशेढुंगा सावित हुने विस्वास गरिएको छ। एउटा पूर्ण पशु स्वास्थ्य भवनमा माटो परिक्षण केन्द्र, कृषि एम्बुलेन्स सेवा, प्रयोगशाला लगायत सम्पूर्ण व्यवस्थापन गरि तिन तले पक्की भवन हस्तान्तरण हुने कार्यालयले जनाएको छ जसमध्ये पहिलो चरणमा १० वटा पालिकाहरुमा उक्त भवन हस्तान्तरण भईसकेको छ। हस्तान्तरण हुने पालिकाहरुमा सप्तरीको बलान बिहुल, सिरहाको भगवानपुर्, धनुषाको कलामा र मिथिला नगरपालिका, महोत्तरी सम्सी गाँउपालिका, सर्लाहीको कौडेना गाँउपालिका, रौतहटको राजपुर नगरपालिका, बाराको फेटा गाँउपालिका र पर्साको जगरनाथ गाँउपालिका छन् ।

त्यसैगरी दोश्रो चरणमा थप १० वटा पालिकाहरुमा काम अगाडी बढीसकेको छ। कार्यालयका अनुसार अहिलेसम्म ६५ प्रतिशत काम सकिसकेको र केही महिना भित्रै हस्तान्तरण हुनेछ। ६५ प्रतिशत काम सकिसकेका पालिकाहरुमा सप्तरीको बोदेबर्साईन र खड्ग नगरपालिका, सिरहाको कर्जन्हा नगरपालिका, धनुषाको गणेशमान चारनाथ र सवैला नगरपालिका, महोत्तरीको रामगोपालपुर्, मनरासिस्वा नगरपालिका, सर्लाहीको बागमती नगरपालिका, बाराको बारगढी गाँउपालिका र सप्तरीको राजगढ़ गाँउपालिका रहेका छन्।

## सदाको न्यायका लागि युवाहरुद्वारा प्रदर्शनसँगै दीप प्रज्वलन

जलेश्वरटुडे समाचारदाता
सिरहा, १२ फागुन

सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको न्यायका लागि मिर्चैयामा युवाहरुले प्रदर्शनसँगै दीप प्रज्वलन गरेका छन् । रिंकुको न्याय र दोषीमाथि कारवाहीको माग गर्दै आइतबार साँझ मिर्चैयाको कटारीचोकमा प्रदर्शन गरिएको हो।




घटनामा संलग्न र पञ्चायती गर्नेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उनीहरूले माग गरेका छन्। स्थानीय युवा राजेश यादवले रिंकुको न्यायका लागि सार्वजनिक दबाब सिर्जना गर्न आह्वान गरेका छन्।

त्यस्तै सिरहा जिल्लाको गाउँ गाउँ टोल टोल बाट रिंकुकुमारी सदाको न्यायको लागि आवाज उठाउनु पर्ने स्थानीय युवा पंकज शर्माको भनाइ छ। मधेशमा बलात्कारको घटना बढ्नुमा राज्य कमजोर हुँदैगएको स्थानीय बिके शाहको तर्क छ। रिंकु गत माघ २७ गते राति शौचाल्य गर्न घरबाहिर निस्कँदा स्थानीय तीन युवकबाट सामूहिक बलात्कारमा परेकी थिइन्। घटनालाई पञ्चायती बसेर गाउँमै ढाकछोप गर्ने प्रयास गरिएको थियो। ३० माघमा उनी घरमै झुण्डिएको अवस्थामा मृत फेलापरेकी थिइन्।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

नैतिक आचरणको पालना गरौं

- झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, बृद्ध, अपांगता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन विधिको पालना गरौं,
- भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलाप विरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# कठोर कदम उठाऔं

*संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो पटक कार्यकारी नेतृत्वमा निर्वाचित भएपछि विश्व अर्थतन्त्रमा ठुला परिवर्तन देखिन थालेका छन् । आप्रवासन, सहयोग र करमा ठुलो परिवर्तन आउँदै छ । अमेरिकी सहयोग नियोग (युएसआइडी) मार्फत प्रदान हुँदै आएको सहयोग कम्तीमा ९० दिनलाई स्थगित भएको छ । यसले धेरै देशमा तत्काल दुष्प्रभाव देखिन थालेको छ । नेपालमा ठुलो होटलका कार्यक्रम प्रभावित हुन थालेका छन् । व्यापार युद्धका नाममा करका दरमा विश्वव्यापी तरङ्ग देखिएको छ । विश्व व्यापार सङ्गठन (डब्लुटिओ) को खुला व्यापार विश्वव्यापी नीतिका कतिपय प्रावधान ओझेलमा पर्ने जोखिम बढेको छ ।*

*नयाँ कार्यकारीको परिवर्तित नीतिको सबैभन्दा ठुलो प्रभाव भने अमेरिकाभित्रै देखिएको छ । ट्रम्पले निर्वाचनताका अमेरिकी मतदातालाई सार्वजनिक खर्च व्यापक घटाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । विजयी भएपछि औपचारिक कार्यभार समाल्नुअगावै अर्थात् तत्कालै त्यसमा गृहकार्य थालनीसमेत गरियो । ट्रम्पको निर्वाचनमा प्रमुख सहयोगी रहेका अर्बपति एलन मस्कलाई त्यसको जिम्मेवारी दिइएको खबर बाहिर आयो । सार्वजनिक खर्च घटाउने गृहकार्य कार्यभार थालनी भएको जनवरी २० अर्थात् पहिलो दिनबाटै भयो ।*

*बढ्दो सार्वजनिक ऋणले समेत सम्पन्न मुलुकलाई सुधारमा बाध्यता पारेको छ । सूचना प्रविधि, सामाजिक सञ्जालको सूचना साम्राज्य आदिले नागरिक मैले तिरेको करबाटै सार्वजनिक खर्च चलेको छ । मन्त्री तथा कर्मचारीले तलब सुविधा पाएका छन् भन्ने मनन गर्छन् र सदुपयोगमा दबाब दिन्छन् । यसले नागरिकमैत्री करप्रणाली अवलम्बन गर्नुपर्ने हुन्छ । यी सबै कारणले सार्वजनिक दक्षता अभिवृद्धिका निम्ति कठोर कदम चाल्न सकिएन भने कुनै पनि सरकारको भविष्य झनै गम्भीर र चुनौतीपूर्ण हुने देखिन्छ ।*

# निजी अस्पतालमा रेफर गरिएको युवकको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**गौर, १२ फागुन**

प्रादेशिक अस्पताल गौरबाट निजी अस्पतालमा रेफर गरिएका एक युवकको ज्यान गएको छ । गौर नगरपालिका-३ निवासी १८ वर्षीय लालु अधिकारीलाई पेट दुखाइ भएपछि शनिबार बिहान उनका आफन्तले उपचारका लागि गौरस्थित प्रादेशिक अस्पताल लगेका थिए । अस्पतालमा प्रारम्भिक परीक्षणपछि मेडिकल अधिकृत डा. घनश्याम ठाकुरले लालुको आन्द्रा फुटेको र यहाँ आवश्यक चिकित्सा सुविधा अभाव भएको भन्दै उनले डा. पंकज साहसँग सम्पर्क गर्न सुझाव दिएका थिए । डा. पंकज साहले लालुलाई गौर सेन्टर हस्पिटलमा पठाएका थिए । त्याहाँ अप्रेसन गरेपछि केहीबेरमै बिरामीको अवस्था गम्भीर बनेको थियो ।

मृतकका काका देवेन्द्र अधिकारीका अनुसार परिस्थिति बिग्रँदै गएपछि प्रादेशिक अस्पतालका डा. ठाकुरलाई देखाउँदा उनले अक्सिजनसहित एम्बुलेन्समार्फत वीरगञ्जस्थित नेशनल मेडिकल कलेज लैजान सुझाव दिए। शनिबार राति करिब ११ बजे नेशनल मेडिकल कलेज पुग्दा चिकित्सकहरूले लालुलाई मृत घोषित गरे । उपचारमा लापरबाही हुँदा मृत्यु भएको परिवारजनको दाबी छ । उपचारमा संलग्न डा. फिरोज अन्जुम, डा. पंकज साहलगायतको टोली सम्पर्कविहीन रहेको आरोप लगाउँदै घटनाको निष्पक्ष छानबिन र दोषी चिकित्सकमाथि कारबाहीको माग गरेका छन् । यस विषयमा प्रादेशिक अस्पताल गौरका मेडिकल सुपरिटेन्डेन्ट डा. मुरारी ठाकुरले बिरामीलाई आन्द्राको अप्रेसनका लागि वीरगञ्जस्थित नारायणी अस्पताल पठाउनुपर्नेमा निजी अस्पतालमा कसरी र किन पठाइयो भन्ने अनुसन्धान गर्नु पर्ने बताए ।




मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग

Phone no.: 044-520095
Email: gharelumh@gmail.com

## घरेलु तथा साना उद्योग कार्यालय

जलेश्वर, महोत्तरी, नेपाल

## सूचना । सूचना ।। सूचना ।।।

सूचना प्रकाशित मिति : २०८१।११।१३

यस कार्यालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट वा कुनै सरकारी तथा गैर सरकारी तथा गैर सरकारी अन्य निकायबाट तालिम प्राप्त गरी उद्योग स्थापना गरी संचालनमा रहेको घरेलु तथा साना उद्योगहरुको क्षमता अभिवृद्धिमा सहयोग पुर्याउने उद्देश्यले छनौट भएका उद्योगहरुलाई बढीमा रु. एक लाखसम्मको प्रविधि हस्तानान्तरण गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक उद्यमीले तोकिएको ढाँचामा यो सूचना प्रकाशित मितिले ३० (तीस) दिनभित्र देहायको कागजात सहित घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा निवेदन दिनु हुन सूचना प्रकाशित गरिएको छ । उद्यमीले प्राप्त गर्ने प्रविधिको कुल लागतको २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नुपर्ने छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु होला ।

**आवश्यक कागजातहरु :**

१) उद्योग दर्ता/नविकरण प्रमाणपत्र प्रतिलिपि ।
२) प्यान दर्ता र २०८०।०८१ को कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि ।
३) उद्योगको व्यवसायीक योजना ।
४) अनुभव तथा तालिमका प्रमाणपत्रको प्रतिलिपि
५) निवेदन साथ रु.१०० (एक सय मात्र) यस कार्यालयमा बुझाएको रसिद संलग्न गर्नुपर्ने छ ।

**नोट** : १) उत्पादनमुलक उद्योगलाई विशेष प्राथमिकता दिईनेछ ।
२) निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट फेसबुक पेज र यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

थप जानकारीको लागी सम्पर्क नं. ०४४-५२००९५, ९८१५२००८००, ९८४५८६६८००

Website: mahottari.csiop2.gov.np
facebook.gharelu udhog mahottari

**उद्योग अधिकृत**


# जङ्गली हात्तीको समूहबाट बालीनालीमा क्षति

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १२ फागुन**

सर्लाहीमा जङ्गली हात्तीको समूहले घर तथा बालीनालीमा क्षति पुऱ्याउने क्रम रोकिएको छैन । चार दिनसम्म लालबन्दी र ईश्वरपुर नगरपालिकामा आतङ्क मच्चाएका तीन वटा जङ्गली हात्ती जिल्लाको पश्चिमी भेगतर्फ लागेका छन् ।

हात्तीको समूहले आइतबार बिहान र शनिबार राति हरिवन तथा बागमती नगरपालिकाका विभिन्न बस्तीमा पसेर घरका बेराघेरा भत्काउने र बालीनालीमा क्षति पु-याएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । हात्तीले आइतबार बिहानपख बागमती नगरपालिका-३, धरहरामा बाबुलाल स्याङ्तानको घरमा बाँसको टाटीले लगाएको बेरा भत्काएर भित्र राखेको दुई क्विन्टल धान खाइदिएको छ ।

हात्तीले स्याङ्तानको एक कट्ठाको मकै, दुई वटा केराको बोट, रामबहादुर थिङ, धनबहादुर दोङ र लक्ष्मण योन्जनको एक/एक कट्ठामा लगाएको मकै खेती नष्ट गरेको पीडितले बताएका छन् ।

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अनावश्यक चिन्ता
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युक्रेनी शान्ति र नाटोको सदस्यताका लागि पद त्याग्न तयार रहेको जेलेन्स्कीको भनाइ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ फागुन**



युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा शान्तिस्थापनाका लागि आफू राष्ट्रपति पदबाट राजीनामा दिन तयार रहेको बताएका छन्। सोमबारको युरोपेली बैठकलाई उद्धृत गर्दै उनले भने, "यदि युरोपेली देशहरूबीच मतभेद भयो भने त्यो दुःखी परिवारजस्तो हुनेछ।"

सोमबारदेखि युक्रेनमा हुने युरोपेली नेताहरूको बैठकका सन्दर्भमा सोधिएको एक प्रश्नको जवाफमा उनले त्यहाँ केही कठिन निर्णय गर्न बाँकी रहेको बताए। युक्रेनी अधिकारीका अनुसार नेताहरूले बैठकमा आफ्नो आगामी रणनीतिबारे छलफल गर्नेछन् भने जेलेन्स्कीले युक्रेनको सुरक्षा प्रत्याभूतिको बारेमा पनि कुरा गर्नेछन्। जेलेन्स्कीले भने, "यो युद्ध हो, बच्चाको खेल होइन। हामीलाई साझेदारी चाहिएको छ, हामीलाई सहयोग चाहिएको छ, तर हामी हाम्रो स्वतन्त्रता गुमाउन सक्दैनौं र हामी हाम्रो सम्मान गुमाउन सक्दैनौं।" नयाँ अमेरिकी प्रशासनको चर्को आलोचना खेपिरहेका जेलेन्स्कीले अमेरिकी राष्ट्रपतिले आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनलाई भेट्नुअघि डोनाल्ड ट्रम्पलाई भेट्न चाहेको पनि बताएका छन्।

जेलेन्स्कीले युद्ध अन्त्यका लागि कुनै पनि सम्झौता अन्तर्गत युक्रेनलाई उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)को सदस्यता दिन माग गर्दै आएका छन् तर वासिङ्टन नेतृत्वको गठबन्धनले प्रतिबद्धता जनाउन आनाकानी गर्दै आएको छ।

# अधिकांश विदेशी मुद्राको मूल्य वृद्धि




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ फागुन**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। आजका लागि तय भएको विनिमयदर अनुसार अधिकांश विदेशी मुद्राको मूल्य वृद्धि भएको छ। केन्द्रीय बैंकका अनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३८ रूपैयाँ ४५ पैसा र बिक्रीदर एक सय ३९ रूपैयाँ पाँच पैसा, युरोपियन युरो एकको खरिददर एक सय ४४ रूपैयाँ ८० पैसा र बिक्रीदर एक सय ४५ रूपैयाँ ४३ पैसा निर्धारण गरिएको छ। त्यसैगरी युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७४ रूपैयाँ ८८ पैसा र बिक्रीदर एक सय ७५ रूपैयाँ ६४ पैसा कायम गरिएको छ। स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५४ रूपैयाँ २२ पैसा र बिक्रीदर एक सय ५४ रूपैयाँ ८९ पैसा तय गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रूपैयाँ ०३ पैसा र बिक्रीदर ८८ रूपैयाँ ४१ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ३५ पैसा र बिक्रीदर ९७ रूपैयाँ ७७ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रूपैयाँ ६० पैसा र बिक्रीदर एक सय चार रूपैयाँ पाँच पैसा निर्धारण गरिएको केन्द्रीय बैंकले जनाएको छ। जापानी येन १० को खरिददर नौ रूपैयाँ २७ पैसा र बिक्रीदर नौ रूपैयाँ ३१ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ०९ पैसा र बिक्रीदर १९ रूपैयाँ १८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ९२ पैसा र बिक्रीदर ३७ रूपैयाँ ०८ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ९८ पैसा र बिक्रीदर ३८ रूपैयाँ १५ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १२ पैसा र बिक्रीदर चार रूपैयाँ १४ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ६९ पैसा र बिक्रीदर ३७ रूपैयाँ ८६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ३३ पैसा र बिक्रीदर ३१ रूपैयाँ ४७ पैसा तोकिएको छ।

# हेरा फेरीको सिक्वेलसँग असन्तुष्ट थिए परेश रावल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ फागुन**



सुपरहिट फिल्म 'हेरा फेरी'मा बाबुराव गणपतराव आप्टेको भूमिकाको लागि अभिनेता परेश रावलले निकै प्रशंसा पाए। सन् २००६ मा, यसको सिक्वेल 'फिर हेरा फेरी' रिलिज भयो, जुन हिट भयो।

तर, परेश रावलका अनुसार उनी यो फिल्मबाट खुसी थिएनन्। उनको विचारमा फिल्ममा अनावश्यक पात्रहरू मानिसहरूलाई हँसाउनको लागि मात्र थपिएका थिए। साथै, परेश रावलले कार्तिक आर्यनलाई यस फ्रान्चाइजीको तेस्रो फिल्म हेरा फेरी ३ बाट हटाइएको खुलासा गरेका छन्। सिद्धार्थ कन्ननसँगको कुराकानीमा परेश रावलले कार्तिक आर्यनलाई हेरा फेरीबाट हटाउनुको कारण खुलासा गरे। उनले फिल्ममा कार्तिकलाई साइन गरिएको बताए। यद्यपि उनी राजुको भूमिकामा थिएनन्। जब उनलाई साइन गरिएको थियो, फिल्मको कथानक फरक थियो। कथा अनुसार, राजु उसलाई कतैबाट समातेर ल्याउन जाँदै थिए।

त्यतिबेला अक्षय पनि फिल्मसँग जोडिएका थिएनन्। कुराकानीमा परेश रावलले अब कार्तिक आर्यन फिल्ममा नरहेको र फिल्मको कथा पूर्ण रूपमा परिवर्तन भएको जानकारी दिए। फिल्मको छायांकन अगस्ट-सेप्टेम्बरको बिचमा सुरु हुन सक्छ। सोही अन्तर्वार्तामा परेश रावलले पनि फिल्म फिर हेरा फेरीबाट आफू खुसी नभएको बताए। उनले भने, 'फिल्ममा सबैजना अति आत्मविश्वासी थिए। फिल्ममा कुनै पनि निर्दोषता बाँकी थिएन। माफ गर्नुहोस्, तर त्यो फिल्म राम्रोसँग बनेन। मैले नीरज (निर्देशक) लाई भनें कि तपाईं यसमा धेरै संलग्न हुनुभएको छ। यसको कुनै आवश्यकता छैन।

# नेपाल र म्यानमारबीचको फाइनल खेलको टिकट मूल्य दोब्बर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ फागुन**



काठमाडौंमा जारी चार देश सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनल खेलका लागि टिकट मूल्य तोकिएको छ। दर्शकले लिग चरणका खेलहरूभन्दा टिकट मूल्य दोब्बर तिर्नुपर्ने छ। प्रतियोगिताको फाइनलमा बुधबार नेपाल र म्यानमार खेल्दै छन्।

यसअघि साधारणतर्फ ५०० र भीआईपीतर्फ १००० रुपैयाँ तोकिएको थियो। फाइनलका लागि भने साधारणतर्फ १००० र भीआईपीतर्फ २००० रुपैयाँ टिकट मूल्य तोकिएको छ। एन्फा महासचिव किरण राईले फाइनल खेलको टिकट मूल्य पहिले नै १ हजार र २ हजार तोकिएको बताए। 'नेपाल फाइनल पुगेमा टिकट मूल्य १ हजार र २ हजार राख्ने भनेर पहिल्यै तोकिएको थियो, त्यही अनुसार भएको हो' महासचिव राईले भने, 'तर ब्राण्ड लजिकसँग सम्झौता अनुसार उनीहरुले पाउने ५०० र १००० मात्र हो। आधा रकम फुटबल विकासका लागि एन्फालाई दिने सहमति भएको छ।' फागुन ५ देखि एन्फाको आयोजनामा दशरथ रंगशालामा नेपाल, म्यानमार, लेबनान र कीर्गिस्तान सम्मिलित महिला फुटबल प्रतियोगिता भइरहेको छ। नेपाल र म्यानमार अपराजित रहँदै फाइनलमा पुगेका हुन्। रंगशालामा नेपालको खेल हेर्न पहिलो दिन ७ हजार हाराहारीमा दर्शक आएका थिए भने दोस्रो खेलमा ११ हजार र तेस्रो दिन १२ हजारभन्दा बढी दर्शक उपस्थित थिए। फाइनल खेलमा यस्तै संख्यामा दर्शकको उपस्थिति हुने अनुमान छ।




लोहारपट्टी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# किन बन्दैन 'शक्तिशाली' सम्पत्ति आयोग ?

-चप्पल पड्काएर सिंहदरबार छिरेकाहरूले गम्भीर आत्मसमीक्षा गर्न ढिलो भइसकेको छ, आत्मसमीक्षाको प्रस्थानबिन्दु शक्तिशाली सम्पत्ति जाँचबुझ आयोगको गठन हुन सक्छ, के प्रधानमन्त्री ओली यस्तो आयोग गठन गर्न तयार छन् ? शक्तिशाली सम्पत्ति जाँचबुझ आयोग गठन गर्ने मुद्दा यतिखेर सबैजसो राजनीतिक दल र नेताको मुद्दा हो, अब यो सरकारको मुद्दा बनोस् सम्भवतः यतिबेला नेपाली राजनीतिक वृत्तमा भ्रष्टाचार नियन्त्रण र सुशासनका कुरा सबैभन्दा बढी चल्तीका विषय हुन् । भ्रष्टाचार/अनियमितताको 'राडार' मा परेका/नपरेका नयाँ/पुराना, सत्तापक्ष/प्रतिपक्ष सबैकोटीका नेता चर्को स्वरमा सुशासनका 'गफ' हाँक्छन् । भ्रष्टाचार बढेकोमा चिन्ता नगर्ने नेता सायदै भेटिएलान् ।

भ्रष्टाचार नियन्त्रण र सुशासनका 'गफ' गर्न प्रधानमन्त्री केपी ओली सबैभन्दा अघि छन् । चौथो पटक प्रधानमन्त्री बनेका उनले बितेका ६/७ महिनामा 'आफू भ्रष्टाचार नगर्ने र अरूलाई पनि गर्न नदिने' प्रतिबद्धता नजाने कैयौं पटक दोहोऱ्याइसके । तर, उनका यस्ता संकल्प र प्रतिबद्धताले आमनागरिक वृत्तलाई पटक्कै छोएको छैन । विपक्षी दलहरूलाई त छुने कुरै भएन । विपक्षी दल र नेताहरू एकस्वरमा सरकारलाई धारे हात लगाउँदै आलोचना गर्छन् र भन्छन्, 'सरकारकै संरक्षणमा भ्रष्टाचार बढेको हो ।' एकले अर्कोलाई भ्रष्टाचारीको आरोप लगाउँदै दोहोरी चलिरहँदा एउटा मुद्दा चाहिँ प्रायःजसो उठिराख्छ । त्यो हो, लाभको पदमा बसेका नेता र उच्च पदस्थहरूको सम्पत्ति छानबिन गर्ने मुद्दा ।

सदनदेखि सडकसम्म, पार्टीका बैठकदेखि सार्वजनिक वृत्तमा सत्तारूढ/विपक्षी दुवैथरी नेताहरू यो मुद्दा निरन्तर उठाउँछन् । तर, सरकारले त्यस्तो आयोग गठन गर्ने तत्परता देखाएको छैन । आखिर, किन यो मुद्दा केवल सार्वजनिक खपतका लागि मात्रै उठाइन्छ ? आयोगको आवश्यकताबोध भएको हो भने किन गठन गरिँदैन ? भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि अख्तियार, राष्ट्रिय सतर्कता केन्द्र आदि मौजुदा संयन्त्रहरूको प्रभावकारिता के छ, ती कति पर्याप्त छन् ? भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक इच्छाशक्ति र इमानदारिता छ, नेतृत्वसँग ? आयोग गठनको मुद्दासँगै उठेका यी र यस्ता प्रश्नमा यो विवेचना केन्द्रित रहनेछ । सुरुमा नेपाली समाज भ्रष्टाचारबाट कसरी आक्रान्त हुँदै आयो, त्यसबारे संक्षिप्त चर्चा गरौं । सरल भाषामा, कुनै पनि व्यक्ति वा संस्थाले गैरकानुनी ढंगले आर्थिक लाभ लिएको प्रमाणित भएमा त्यसलाई भ्रष्टाचार भन्ने गरिन्छ । भ्रष्टाचार भनेको पतीत आचरण र दूषित मर्यादा मात्रै होइन, यो एउटा वित्तीय/सामाजिक अपराध पनि हो ।

समाजमा भ्रष्टाचार कहिले र कसरी सुरु भयो भनेर यसको जरा खोतल्न हामीले पुराण र वेदका ठेलीहरू पल्टाउनुपर्छ । ऋग्वेदका अनुसार, भ्रष्टाचार भनेको सार्वजनिक कोष दुरुपयोग गर्नु, राज्यको ढुकुटी तथा राज्य अधीन कोषबाट घूस लिनु हो । अर्थात् सामाजिक रोगका रूपमा विस्तार भइरहेको भ्रष्टाचार पहिले पनि थियो । इतिहासका पाना पल्टाउँदा सत्ता टिकाउन विगतमा पनि शासकहरूले राज्यको स्रोतको दुरुपयोग गरेका दृष्टान्त भेटिन्छन् । लिच्छविकालीन राजा वृषदेवभन्दा पहिलेका राजाले भारतीय शासक समुद्रगुप्तलाई आफ्नो राज्यमा आक्रमण नगरून् भनेर नियमित घूसस्वरूप कर बुझाउने गर्थे रे भनेर इतिहासमा लेखिएको पाइन्छ । मानदेव प्रथमले राज्यको कोषबाट आफ्ना बाजे-बराजुका प्रशंसामा थुप्रै शिलालेख बनाएको सन्दर्भलाई पनि इतिहासविद्हरूले राज्यकोषको दुरुपयोगको नमुना भनेर टिप्पणी गरेका छन् । शाहवंशीय राजाहरूको समय, जहानियाँ राणाशासन, २००७ सालपछिको संक्रमणकाल अथवा त्यसपछिको पञ्चायती शासन व्यवस्था आदि विभिन्न कालखण्डहरूमा विगतका शासकहरूले गरेका सत्ता र शक्तिको दुरुपयोगका थुप्रै दृष्टान्त इतिहासमा उल्लेख छन् । पृथ्वीनारायण शाहको 'घूस लिने र दिने दुवै राज्यका शत्रु हुन्' भनाइबाट पनि भ्रष्टाचारले उतिबेलादेखि जरा गाडेको अनुमान गर्न कठिन छैन । तर, यो आलेखमा विगतमा थियो भनेर अहिले व्याप्त भ्रष्टाचारलाई सामान्यीकरण गर्न खोजिएको होइन । बरु, विगतको जस्तो भ्रष्टाचार नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गरेर सत्तासीन भएको राजनीतिक नेतृत्वले सुशासन किन दिन सकेन ? किन च्युत भयो ? त्यो उजागर गर्न खोजिएको हो ।



नेपालको लोकतन्त्रको उदयपछि आमजनताको एउटा मुख्य अपेक्षा सुशासन नै थियो । विगतका शासकले निरंकुशताका आडमा राज्यस्रोतको दुरुपयोग गरे, साधारणजनले आधारभूत अधिकारको प्रत्याभूति गर्न पाएनन् भनेर नै त्यो असन्तुष्टिको जगमा नेपालमा पटकपटक लोकतान्त्रिक आन्दोलन भएका हुन् । तर विडम्बना, लोकतान्त्रिक आन्दोलनकै पृष्ठपोषकहरू विगतको भन्दा शर्मनाक हिसाबले भ्रष्टाचारको आहालमा डुबेका छन् ।

सामान्य पृष्ठभूमिबाट राजनीति र प्रशासनमा छिरेकाहरू व्यक्तिहरूको जीवनशैली अपारदर्शी छ र वित्तीय हिसाबले आश्चर्यजनक रूपमा बदलिएको छ । राजनीतिक भ्रष्टाचारको जरा यति गडिएको छ कि, यसको आयतन फराकिलो हुँदै न्यायालय, कर्मचारी प्रशासन सबैलाई गाँजेको छ । हरेक वर्ष बजेटको आकार बढ्दै जाँदा भ्रष्टाचारको आयतन फराकिलो हुँदै गएको छ ।

भ्रष्टाचार र कुशासन बढ्दा जनस्तरमा निराशा र असन्तुष्टि बढ्दो छ । र, त्यो असन्तुष्टिको निसानामा मुख्य राजनीतिक नेतृत्व छ । सरकारले सुशासन दिन नसकेको कारण घरेलु निराशा र असन्तुष्टि त बढेकै छ, त्यसमाथि नेपालको अन्तर्राष्ट्रिय छवि पनि धमिलिँदै गएको छ । हामी निरन्तर अति भ्रष्टाचार हुने देशको सूचीमा पर्दै आएका छौं ।

साभार : कान्तिपुर ।
















# एकडारामा मेयर कप टि-२० क्रीकेट प्रतियोगिता भव्यताका साथ सुरु



आरजे इर्शाद शेख
महोत्तरी, १२ फागुन

एकडारा गाउपालिकामा ५ गेना बथनाहामा पालिका द्वारा संचालित तथा द जनकपुर लायन्स युथ क्लब द्वारा आयोजित मेयर कप टि २० क्रीकेट प्रतियोगिताको उद्घाटन समारोह भव्यताका साथ सम्पन्न भएको छ । उद्घाटन समारोहमा एकडारा गाउँपालिका अन्तरगतका ६ ओटै वाडाका टिम लाई सहभागी गराइएको छ। टिमका खेलाडीहरुलाई खेल ड्रेस, जुता तथा ब्याट ग्लोब्स विकेट लगायत खेलका सम्पुर्ण सामग्री पालिका अध्यक्ष दिप नारायण मन्डल, उपाध्यक्ष माहजबि खातुन, प्रशासकीय अधिकृत योगेश यादव समेतको उपस्थितिमा बितरण गरिएको थियो। यस प्रतियोगितामा कुल १२ ओटा खेल खेलिने छ। आज वाडा नम्बर ४ हलखोरी र वाडा नम्बर ५ बहेडा बथनाहा बिच भएको खेलमा हलखोरि ३ रनले बिजयी भएको छ। पालिका अध्यक्ष मन्डलले पालिका स्तरीय खेलमा पालिका भित्र रहेका प्रतिभाशाली खेलाडिलाई छनौट गरि अगाडि बढाउने उदेश्यले खेल संचालन गरेका छौ भनी बताउनुभयो।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday